**नौमूले गाउँपालिका**

**“सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता”**

# नौमूले राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८३/०५/०१

**भाग-१**

**नौमूले गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

# नौमूले सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन ऐन, २०८२

# नौमूले गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश

**कार्यपालिकाबाट पारित मितिः २०८२/१०/०७**

# नौमूले सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन सम्बन्धी ऐन, २०८२

**प्रस्तावना :**

दैलेख जिल्लाको नौमूले गाउँपालिकाका जनताका पहिचान, जातीय, भाषिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, सामाजिक, आर्थिक, भौगोलिक, प्राकृतिक, वातावरणीय, जैविक विविधता, (जल, जंगल, जमिन, खानी) लगायतका विषयहरुको संरक्षण, प्रबर्द्धन गर्दै, पछाडी पारिएका मगर आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक जाति, वर्ग, क्षेत्र र लैंगिक विभेदको अन्त्य गर्नका लागि यी समुदायलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु सुनिश्चित गरिएका हक अधिकारको अर्थपूर्ण प्रयोग, उपभोग र कायांन्वयन गरी आत्मसम्मानको विकास गर्दै,

प्राचीनकालदेखि यस भूमिका बसोबास गर्दै आएका मगर आदिवासी जनजाती र स्थानीयवासीका परम्परागतदेखि प्रचलनमा कायम रहेका प्रथा एवं परम्परागत ज्ञान, सीप, अनुभव, मगर मातृभाषा, कला, कृति संस्कृति, इतिहास पुस्तान्तरण गर्दै नौमूले गाउँपालिकाको ऐतिहासिक एवं गौरवमय विषयहरुको संरक्षण, प्रवर्द्धनका लागि विशेष यो गाउँपालिकालाई सांस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गर्न वाञ्छनीय भएकाले ,

नेपालको संविधान २०७२ को प्रस्तावना, संविधानको धारा ३, ६, ७, १६, १७, १८, १९, २४, २५, २६, २९ (२) ३०, ३१, र ३२, ३६, ३७, ४०, ४३, र धारा ५६ (५) र (६), धारा ५७, धारा ७४ र धारा ३०६ मा भएको संवैधानिक व्यवस्था तथा नेपाल पक्ष राष्ट्र रहेको आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि (आई.एल. ओ. नम्बर १६९), विश्वव्यापी मानव अधिकारको घोषणापत्र, १९४८, आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७, जैविक विविधता महासन्धि, १९९२, सबै प्रकारको जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६, भाषिक अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९९६, सांस्कृतिक विविधता सम्बन्धी युनेस्को घोषणा पत्र २००१, लगायत अन्तर्राष्ट्रिय कानूनहरुले सुनिश्चित गरेको हक अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९, को उपदाफा (३), र १०२ को अधिनमा रहि यो ऐन बनाई लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "नौमूले सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नौमूले गाउँपालिकाको स्थानीय राजपत्रमा जारी भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"गाउँपालिका"** भन्नाले नौमूले गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) **"गाउँ प्रमुख"** भन्नाले नौमूले गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्छ ।

(ग) **"गाउँ उप-प्रमुख"** भन्नाले नौमूले गाउँपालिकाको गाउँ उप-प्रमुखलाई सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौमूले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) **"वडा कार्यालय"** भन्नाले नौमूले गाउँपालिका अन्तरगतको सम्पूर्ण वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले यस ऐनमा व्यवस्था गरे अनुसार गठन भएका समितिहरुलाई सम्झनु पर्छ । यस शब्दले "समन्वय समिति" समेतलाई जनाउँदछ ।

(छ) **"पदाधिकारी"** भन्नाले यस ऐनमा व्यवस्था गरे अनुसार गठन भएका समितिहरुको सम्पूर्ण पदाधिकारीहरुलाई सम्झनु पर्छ ।

(ज) **"बैठक"** भन्नाले यस ऐनमा अनुसार गठन भएका समितिहरुको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(झ) **"मगर"** भन्नाले आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूचीमा समावेश भएका मगर जातिलाई सम्झनु पर्छ ।

(ञ) **"………"** भन्नाले मगर समुदायको टोलबस्तीमा रहेको ………….लाई सम्झनु पर्छ । यस शब्दले ………. समेतलाई जनाउँछ ।

(ट) **"पुजारी"** भन्नाले मगर समुदायमा पुजा स्थलको संरक्षण तथा रेखदेख र पूजाका लागि अगुवाई गर्न चुनिएका प्रमुख व्यक्तिलाई सम्झनु पर्छ ।

(ठ) **"मोही"** भन्नाले मगर समुदायमा जमिन्दारी प्रथामा काम गर्ने रैतीहरु मध्येको व्यक्तीलाई सम्झनु पर्छ ।

(ड) **"मुखिया"** भन्नाले मगर समुदायमा गाउँको कर ( तिरो) असुल गरी जिम्मा लिने र सामाजिक कार्यहरु संचालन गर्ने प्रमुख व्यक्तीलाई सम्झनु पर्छ ।

(ढ) **"झाँकी"** भन्नाले तान्त्रीक तथा जडिबुटिको ज्ञान प्रयोग गरी गरिने परम्परागत उपचार पद्धतिबाट बिरामीहरुलाई निको पार्न सक्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ण) **"घाटु"** भन्नाले मगर समुदायको कुनै निश्चित टोलमा हुने सामाजिक कार्यहरु संचालन समन्वय गर्नको लागि र सो सम्बन्धि सूचना आदानप्रदान गर्न गाउँले/टोलबासीद्वारा चुनिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(त) **"रैथानेबासी"** भन्नाले मगर समुदायको कुनै निश्चित गाँउको टोलमा बसोबास गर्ने गाउँले/टोलवासीलाई सम्झनु पर्छ ।

(थ) **"पहिचान"** भन्नाले मगर जातिका र अन्य आदिवासी जनजातिका समुदायमा कायम रहेको विशिष्ट एवं पृथक, भाषा, संस्कृति, भूमि, इतिहास, प्रथा एवं परम्परागत मूल्य र मान्यताका विषयहरुलाई सम्झनु पर्छ ।

(द) **"नौमूले सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण प्रवर्द्धन"** भन्नाले दैलेख जिल्लाको नौमुले गाउँपालिकामा रहेको मगर र अन्य आदिवासी जनजातिको हक, अधिकार सुनिश्चितताको लागि नेपालको संविधान, २०७२ को प्रस्तावना, धारा ५६ (५) (६) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९, को उपदफा (३) र दफा १०२ आई. एल. ओ. महासन्धि नं. १६९, र आदिवासी जनजातिहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थापना गरिएको विधि र पद्धतिलाई बुझ्नु पर्छ ।

(ध) **"नौमूले"** भन्नाले नौ वटा मूल प्रवाह भएको स्थानलाई बुझाउँछ ।

(न) **"खर्क"** भन्नाले सामुहिक चरिचरनको क्षेत्रलाई बुझाउँछ ।

(प) **"खोरिया"** भन्नाले अन्नपात लगाउन सुरुवात भएको भूमिलाई बुझाउँछ ।

(फ) **"मर्कुरा"** भन्नाले मगर ढुट भाषालाई बुझाउँछ ।

(ब) **"खाम कुरा"** भन्नाले मगर खाम भाषालाई बुझाउँछ ।

(भ) **"माघ्या सकराती"** भन्नाले तरुण भ्याकुर कन्दमुल खाने पर्वलाई बुझाउँछ ।

(म) **"मारुनी नाच"** भन्नाले पुरुषलाई महिलाको रुप दिई नचाउने नाचलाई बुझाउँछ ।

(य) **"रोदी"** भन्नाले नाँचगान मनोरज्जन गर्ने परपम्रागत सास्कृतिक प्रचलनलाई बुझाउँछ ।

(र) **"हरेला"** भन्नाले खेतीपातीको पूजा गर्ने पर्वलाई बुझाउँछ ।

(ल) **"परिमा"** भन्नाले कामको सट्टा काम नै गरिदिने सामुहिक परपम्पगत संस्कारलाई बुझाउँछ ।

(व) **"कचरी"** भन्नाले न्यायिक प्रक्रियाको बिशेष भेलालाई बुझाउँछ ।

(श) **"कुलान"** भन्नाले कुल देवतालाई बुझाउँछ ।

## परिच्छेद- २

## उद्देश्य

**३. उद्देश्य :** यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नौमूले गाउँपालिकाभित्र मगर समुदायको सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण प्रवर्द्धन गर्नको निम्ति मगर आदिवासी  जनजाति समुदायको सामुहिक पहिचान, भाषा, संस्कृति, इतिहास, भूमि, (भोगी, चर्चि, ओगति) आएको क्षेत्र, चरिचरन, खर्क, खोरिया ऐतिहासिक, पुरातात्विक स्थल, धार्मिक, सांस्कृतिक क्षेत्र, प्राचीन, भौतिक, अभौतिक सम्पदा/संरचनाहरुको सूचिकृत गरी आवश्यक संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

(ख) नौमुले गाउँपालिका भित्र रहेका मगर समुदाय र अन्य समुदायको इतिहास, भाषा, धर्म, कला, सस्कृती, साहित्य, प्रथा, परम्पराहरुको समन्वय, सहकार्य गर्दै संरक्षण गर्ने ।

(ग) नौमूले गाउँपालिकाभित्र रहेका मगर अन्य समुदायको परम्परागत ज्ञान, सिपको विकास गरी पुस्तान्तरण गर्नको निम्ति आवश्यक समन्वय र सहयोग गर्ने ।

(घ) मगर समुदायमा कायम रहेको प्रथा एवं प्रथाजनित कानुन, तथा परम्परागत प्रचलनहरुको खोज, अनुसन्धान गरी संरक्षण गर्ने ।

(ङ) नौमूले गाउँपालिकाभित्र रहेका मगर समुदायको मर्कुरा, खाम मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी विद्यालयहरुमा आधारभुत तहदेखि माध्यमिक तहसम्म क्रमशः पठन पाठनको स्तर उन्नतीको लागि मगर मातृभाषा शिक्षक शिक्षिकाहरुको दरबन्दी विधालयहरुमा कायम गर्ने ।

(च) मगर समुदायको परम्परागत घाटु, मुखियामार्फत हुने सामुहिक कचरी वा भेला द्वारा गरिने न्यायिक कार्यलाई बैधानिकता दिने ।

(छ) आदिबासी जनजातिका जातीय सङग्रालय स्थापना गर्ने ।

(ज) आदिबासी जनजातिका साँस्कृतिक प्रतिष्ठान गठन गरी संस्कृति, सम्पदाको जर्गेना गर्ने ।

(झ) संविधानले व्यवस्था गरे अनुसार समाबेसी समानुपातिक सिद्धान्तको आधारमा आदिवासी मगर समुदायलाई जनसंख्याको आधारमा नीति निर्माणमा सहभागिता, प्रतिनिधित्व गराउँदै शिक्षा स्वास्थ्य, पर्यटन, क्षेत्रमा पहुँच अभिवृद्धि गर्ने ।

(ञ) परम्परागत प्रचलनमा रहेका माघे सक्रान्ती, भुम्या पर्व, मारुनी नाँच, रोधी, नौमूले जात्रा, आदीको संरक्षण समवर्द्धन गर्दै नौमूले गाउँपालिकालाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण प्रबर्द्धनमा विकास र विस्तारका लाागि आवश्यक मापदण्ड बनाई लागू गर्ने ।

(ट) नौमूले गाउँपालिकाभित्र कायम रहेको प्राकृतिक स्रोतसाधनहरु (जल, जंगल, जमिन, खनीज पदार्थ, झर्ना, ताल, तलैया, जडिबुटि) हरुमा मगर समुदायको सामूहिक हक अधिकार सुनिश्चित गर्दै, सांस्कृतिक पक्षहरुलाई पर्यटन विकासको लागि प्रबर्द्धन गर्ने ।

## परिच्छेद-३

**नौमूले गाउँपालिका मगर समुदायको पुर्ख्यौली भूमि, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय स्थल र यस क्षेत्रमा रहेको प्राकृतिक एवं मानव निर्मित सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने सम्बन्धी विशेष व्यवस्था :**

४. नौमूले गाउँपालिकाभित्र रहेका मगर समुदायले परापूर्वकालदेखि उपभोग गर्दै आएका मगर समुदायको पुर्ख्यौली भूमि, भाषिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक स्थल, प्राकृतिक एवं धार्मिक क्षेत्र तथा सम्पदा/संरचनाको संरक्षण सम्बर्द्धन र विकास गर्न देहाय बमोजिमका व्यवस्थाहरु गरिनेछ :

(क) मगर समुदायको अध्यात्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, पुरातात्विक स्थलहरु गढी, मसानघाट, गौचरण जस्ता सार्वजनिक स्थल, मगर समुदायले परापूर्वकालदेखि उपभोग गर्दै आएका भूमी तथा सम्पदा/संरचनाहरुको सूचीकृत गरिनेछ ।

(ख) मगर लगायत अन्य समुदायले प्रयोग गरेका मसानघाट, गौचरण, पुर्ख्यौली भूमि, भूक्षेत्र धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको प्राकृतिक सम्पदा खोलानाला, ताल, तलैया, झर्ना, जल, जंगल, जडिबुटी, वातावरण, जैविक विविधताहरुको व्यवस्थित ढंगले संरक्षण, संवर्द्धन गरी त्यसको आयआर्जन नाफा मुनाफालाई यस क्षेत्रका समुदायको जनहितमा लगाउने ।

(ग) आदिवासी जनजाति मगर समुदायको सांस्कृतिक भूमि सम्पदा/संरचनाहरु मर्मत संभार, घेरवार तथा परम्परागत/मौलिक ढाँचामा पुनः निर्माण गरिनेछ ।

(घ) मगर समदुायको मौलिक पहिचान, भाषा, धर्म, इतिहास, सांस्कृति तथा प्राचीन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्नका लागि गाउँपालिका तथा वडा कार्यालयले नियमित बजेट विनियोजन गरी विधिवत कार्यान्वयन गर्ने ।

(ङ) मगर समुदायको भाषिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक भूमि तथा प्राचीन सम्पदाहरुको, परपम्रागत ज्ञान सिप संरक्षण सम्बर्द्धन र विकासका लागि एकिकृत गुरु योजना निर्माण गरी यस क्षेत्रका समुदायको हितमा लगाउने ।

## परिच्छेद-४

## नौमूले गाउँपालिकाको सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धनको संरचनागत व्यवस्था :

५. नौमूले गाउँपालिकाभित्र रहेका मगर समुदायको भूमि, भाषा, संस्कृति, ज्ञान, कला, सिपहरुको संरक्षण, प्रबर्द्धन गर्नका लागि तपसिल बमोजिमको संरक्षण, प्रबर्द्धन समिति रहने छ ।

(१) प्रत्येक वडाको टोलको समुदायको भेलाबाट टोल समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सहसचिव एक जना

(च) सदस्य ४ जना

(३) समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

(४) सदस्यहरुको योग्यता तोकिय बमोजिम हुनेछ ।

(५) संरक्षण, प्रबर्द्धन तथा विकास समितिका सदस्यहरुको योग्यता ।

(क) नौमूले गाउँपालिकाभित्र स्थायी रुपमा बसोवास गरेको मगर समुदायको व्यक्ती हुनु पर्ने ।

(ख) २० वर्ष उमेर पूरा गरेको हुनु पर्ने,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) मगज नबिग्रेको

**६. टोल तथा वस्ती स्तरको संरक्षण, सम्बर्द्धन तथा विकास समितिका कार्यहरु :**

(क) टोल/समुदाय भित्र रहेको मगर समुदायको पुर्ख्यौली भूमि, भाषा, ऐतिहासिक एवं पुरातात्विक स्थल, प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदा/संरचनाहरुको विवरण संकलन गर्ने र सूचिकृत गर्ने ।

(ख) सूचिकृत भएका मगर समुदायको भाषिक, धार्मिक, सांस्कृतिक भूमि, ऐतिहासिक तथा प्राचीन महत्वका संरचनाहरुको संरक्षण, सम्बर्द्धन विकास गर्ने ।

(ग) सूचिकृत भएका स्थानहरुमा हुने परम्परागत जात्रा, मेला, पूजाआजा, पर्व, समारोहको आयोजना र व्यवस्थापन गाउँपालिकाले गर्ने ।

(ङ) सूचिकृत भएका मगर समुदायको भूक्षेत्र, भाषिक, धार्मिक, सांस्कृतिक भूमि, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरु तथा भौतिक पूर्वाधारहरुको अतिक्रमण हुन नदिने र संरक्षण गर्ने गराउने ।

(च) समितिको बैठक दुई महिनामा एक पटक वा आवश्कता अनुसार बस्नेछ ।

(छ) समितिको बैठकमा निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(ज) समितिको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

**७. नौमूले गाउँपालिकाभित्र रहेका मगर समुदायको पहिचान, भाषिक, धार्मिक, सांस्कृतिक, भूमी, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न प्रत्येक वडामा तोकिए बमोजिमको वडा स्तरीय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समिति रहने छ ।**

**८. वडा स्तरीय नौमूले गाउँपालिका सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास संयोजन समितिको गठन प्रक्रियाः**

(१) प्रत्येक वडाको टोल तथा बस्तिका मगर र अन्य समुदायको वडा भेलाबाट समितिको गठन गरिनेछ । उक्त समितिको प्रमुख मगर समुदायबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछनः-

(क) संयोजक एक जना

(ख) उप-संयोजक एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) टोल स्तरीय संरक्षण समितिका अध्यक्ष वा प्रतिनिधिहरुमध्ये तीन जना सदस्यको रुपमा रहनेछ ।

(च) नेपाल मगर संघको वडा समितिको अध्यक्ष सहित दुई जना प्रतिनिधि सदस्यको रुपमा रहनेछ ।

(छ) मगर र अन्य समुदायको बौद्धिक व्यक्तित्व, इतिहासविद, संस्कृतिविद, पुरातत्वविद, संस्कृतिविद, भाषाविद, समाजसेवी, कानूनविद, संचारकर्मी, अभियन्ता मध्येबाट ३ जना सदस्यहरु रहनेछ ।

(च) सम्बन्धित वडाको वडाध्यक्ष पदेन सदस्यको रुपमा रहने छ ।

(३) समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

(४) उपदफा (२) बमोजिम समिति गठन गर्दा वडा कार्यालयको चार किल्ला भित्रका मगर समुदायको व्यक्तिहरुको वडा स्तरीय भेलाबाट सर्वसम्मत रुपमा समिति गठन हुनेछ । तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित मगर समुदायको एक घर एक प्रतिनिधिको बहुमतबाट समितिको गठन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (५) बमोजिम समितिको कार्यकाल समाप्त भएपछि विशेष साधारण सभाले सर्वसम्मत वा सो नभएमा बहुमतबाट समितिको पुनर्गठन हुनेछ ।

**(६) समितिको पदाधिकारीहरुको कार्यकाल गठन भएको मितिले पाँच वर्षको हुनेछ ।**

(७) अध्यक्षको पदमा एक कार्यकाल भन्दा बढी काम गर्न सक्ने छैन ।

(८) वडा स्तरीय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिको सदस्यहरुको योग्यता

(क) नौमूले गाउँपालिकामा स्थायी रुपमा बसोवास गरेको मगर समुदायको व्यक्ती हुनु पर्ने ।

(ख) बिस वर्ष उमेर पूरा गरेको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) मगज नबिग्रेको

(च) माथि दफा ७ मा जुनसुकै कुरा लेखिएको भएतापनि कामको शैली, विकास, इमान्दारीता, पारदर्शिता, जवाफदेहिता, जिम्मेवारीपूर्वक समुदायको हित र उत्थान हुने काम गर्ने व्यक्तिको हकमा लागु हुने छैन ।

**९. वडा स्तरीय नौमूले सांस्कृतिक क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास संयोजन समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः**

(१) दफा ८ (२) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष वा अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै नैतिकपतन हुने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा वा मानसिक अवस्था संतुलन नभएमा ।

(ग) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले विशेष भेला बोलाई वडाध्यक्षको रोहवरमा सदस्यको छनौट गरी सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

**१०. मगर समुदायको नौमूले सांस्कृतिक क्षेत्र, धार्मिक, सांस्कृतिक भूमी, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरुको सूचीकृत देहाय बमोजिम हुनेछ : -**

(क) वडा समन्वय समितिको निर्णय बमोजिम अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी सम्पदा/संरचनाहरु सूचिकरणका लागि वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक अनुगमन गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्पदा/संरचनाहरु सूचिकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(ग) वडा कार्यालयले यस दफा बमोजिम संरचनाहरु सूचीकृत गरेको विवरण मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ र सोहि अनुसार अधावधिक गराउनु पर्नेछ ।

**११. वडा स्तरीय नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास संयोजन समितिका कार्यहरु :**

(१) संरक्षण, प्रबर्द्धन तथा विकास समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेको मगर लगायत अन्य समुदायको पहिचान, भाषिक, धार्मिक, सांस्कृतिक भूमी, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरुको विवरण संकलन गरी सूचिकृतको लागि सिफारिस गर्ने ।

(ख) मगर समुदायको मातृ भाषाको संरक्षण विकास गर्नको लागि यस गाउँपालिकाभित्र स्थापित विद्यालयहरुमा मगर समुदायको भाषाबाट अध्ययन अध्यापन गराउने र त्यसको सम्पूर्ण व्यवस्थापन यस समितिले सिफारिस गरिए अनुसार यस क्षेत्रको समाज, वातावरण, जैविक विविधता लगायतका क्षेत्रहरुको प्रतिविम्बित हुने गरी विषय सूची निर्माण गरी लागू गरिनेछ ।

(ग) यस क्षेत्रको खोलानाला, ताल तलैया, झर्ना, जल, जंगल, जमिन र प्राकृतिक श्रोत साधनमाथिको व्यवस्थापन, संरक्षण र नियन्त्रणमा यस क्षेत्रका मगर समुदायको विशेष अधिकार रहनेछ ।

(ङ) मगर लगायत यस क्षेत्रका अन्य समुदायको धार्मिक, सांस्कृतिक भूमि, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरुको अतिक्रमण हुन नदिने र संरक्षण गर्ने ।

(च) संघ, प्रदेश र सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।

**१२. नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र वडा स्तरीय संरक्षण, प्रबर्द्धन तथा विकास संयोजन समितिको बैठक**

(१) संरक्षण, सम्बर्द्धन तथा विकास समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक दुई महिनामा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा गाउँपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) समितिको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

(ङ) समितिले वार्षिक रुपमा एक साधारण सभा गर्नु पर्ने ।

(च) समितिले विशेष साधारण सभा समेत गर्न सक्नेछ ।

(२) साधारण सभाको साधारण सदस्यहरु वडाभित्र रहेका मगर र अन्य समुदायको एक घर एक प्रतिनिधिको अधारमा तय गरिने छ ।

(३) उपदफा १० (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र समितिका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण प्रशासनिक कागजातहरु अध्यक्षसंग, माइन्युट तथा दस्तावेजहरु सचिवसंग र आर्थिक कागजातहरु कोषाध्यक्षको जिम्मामा रहनेछ ।

(४) समितिको बैठक समितिको कार्यालय वडा समितिको बैठक वडा कार्यालयमा र सबै वडाहरुको बैठक गाउँपालिकाको कार्यालयमा बस्नेछ । साथै समितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले स्थान तोक्न सक्नेछ ।

**१३. नौमूले विशेष सांस्कृतिक तथा पर्यटकीय क्षेत्र : वडा स्तरीय संरक्षण, प्रबर्द्धन तथा विकास संयोजन समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) समितिका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) समितिले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) ऐन बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकारः

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) समितिको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समितिको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने ।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(ग) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१४. आर्थिक व्यवस्थापन :**

(१) समितिले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :

(क) नेपाल सरकार, संघ, प्रदेश, गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(ङ) समितिका सदस्यहरुबाट प्राप्त रकम, वचत तथा सहयोगको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको नाममा प्राप्त हुने सबै रकम समितिको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) समितिको खर्च : समितिको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) समितिको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च प्रचलित कानुनको अधिनमा रही समितिको निर्णय बमोजिम हुनेछ ।

४. समितिको लेखा, प्रतिवेदन तथा अन्यः

(क) समितिको खाता वडा कार्यालय वा गाउँ कार्यपालिकाको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(ख) उपदफा ४ (क) बमोजिमको बैंक खाता कम्तीमा समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषाध्यक्षले समितिको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, समितिको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(घ) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(ङ) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र समितिको टोल भेलामा पेश गर्नु पर्नेछ ।

(च) समितिले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(छ) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार समितिको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

५. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः

(क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मगर समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरुको जिर्णोद्वार, संरक्षण, प्रबर्द्धन विकास कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेष वा गाउँपालिकाबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(ख) समितिले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## मगर समुदायको प्रथा एवं प्रथाजनित कानून तथा परम्परागत प्रचलनहरु

१५. मगर समुदायका, प्रथा एवं प्रथाजनित कानून, परम्परागत प्रचलनहरुको संरक्षण गर्न तथा व्यवहारिक बनाउन देहाय बमोजिमका व्यवस्थाहरु गरिनेछ :

(क) मगर समुदायको प्रथा एवं प्रथा जनित कानुन, परम्परागत प्रचलनहरुलाई संरक्षण सम्बर्द्धन गर्न गोष्ठि, तालिम, अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

(ख) विधान बनाई काम कर्तव्य र अधिकार तोकिने छ ।

(ग) मगर समुदायको परम्परागत शासन प्रणाली तथा प्रथा जनित व्यवस्थालाई जिवन्त बनाउन र कायम गर्न कानूनको निर्माण गरी क्रमशः मान्यता प्रदान गरिनेछ ।

(घ) मगर जातिका परम्परागत ज्ञान र सिपको संरक्षण गरी स्थानीय प्रथा परम्परागत पद्धतिलाई विकास गरिनेछ ।

(ङ) यस क्षेत्रका मगर लगायत अन्य आदिवासीका परम्परागत विधि, पद्धति र प्राकृतिक श्रोत साधनलाई संरक्षण र विकास गर्नका लागि निर्माण गरिएको योजनाहरुको कार्यान्वयन गरिने छ ।

(च) मगर समुदायको सांस्कृतिक पहिचान झाँक्री नाच, मारुनी नाच, घाटु नाचको, रोधी कुलानपुजा, हरेलो, परिमा संस्कृति, माघे सकराती पर्वको संरक्षण गरिनेछ ।

(छ) मगर समुदायको सामुहिक चरिचरणको भरमी खर्क खोरिया भेजाको संरक्षण गरिनेछ ।

(ज) मगर समुदायको न्यायप्रणाली कचहरीलाई संस्थागत गरिनेछ ।

(झ) मगर जातीको खामकुरा च मर्कुरा ढुट भाषाको लिपी साहित्यको विकास गरिनेछ ।

## परिच्छेद -६

**१६. गाउँपालिका स्तरिय नौमूले सांस्कृतिक वा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समिति सम्बन्धी व्यवस्था :**

(१) नौमुले गाउँपालिकाभित्र रहेका मगर लगायत अन्य समुदायको धार्मिक, सांस्कृतिक भूमि, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण प्रबर्द्धन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, सम्बर्द्धन तथा विकास समिति रहनेछ :-

(क) अध्यक्ष -एक जना

(ख) उपाध्यक्ष -एक जना

(ग) सचिव -एक जना

(घ) सहसचिव -एक जना

(ङ) कोषाध्यक्ष -एक जना

(च) निर्वाचित सदस्यहरु -तिन जना

(छ) गाउँपालिका समितिको अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना प्रतिनिधि -सदस्य

(ज) मगर महिला वा अन्य महिला मध्ये बाट एक जना र मगर युवा वा अन्य युवा प्रतिनिधि मध्येबाट एक जना सहित दुई जना -सदस्य

(झ) गाउँका बुद्धिजीवी, मगर संस्कृतिविद, मगर समाजसेवी, मगर शिक्षक, मगर/अन्य साहित्यकार, मगर/अन्य अभियन्ता, मगर/अन्य पत्रकार, मगर/अन्य कानुन विद, मगर/अन्य चलचित्र संघको प्रतिनिधिहरु मध्येबाट २ जना -सदस्य

(ञ) गाउँपालिका प्रमुख समितिको संरक्षक सल्लाहकारको रुपमा रहने छ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र तीन जना सदस्यहरुको) चयन गाउँ स्तरीय अधिवेशनबाट हुनेछ जसमा प्रत्येक वडाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव तथा कोषाध्यक्षले गाउँपालिका स्तरीय अधिवेशनमा भाग लिन पाउँनेछन् भने अन्य पदाधिकारी माथि उल्लेखित संस्थागत प्रतिनिधिको रुपमा रहनेछन् ।

(३) उपदफा (१) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुको पदावधि ५ वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि यहि ऐनमा व्यवस्था भए अनुसार अर्को गाउँ समन्वय समितिको गठन हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको गाउँपालिका समन्वय समितिको बैठक मासिक रुपमा र आवश्यकता अनुसार बस्नेछ ।

(४) गाउँपालिका स्तरीय नौमुले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समितिको सदस्यहरुको योग्यता:

(क) वडा स्तरीय नौमुले बिशेष सांस्कृतिक क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समितिको पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव तथा कोषध्यक्ष) भएको व्यक्ती हुनु पर्ने ।

(ख) २० वर्ष उमेर पूरा गरेको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) मगज नबिग्रेको

**१७. संरक्षकको काम कर्तव्य र अधिकारः**

(क) मगर समुदायको धार्मिक, सांस्कृतिक भूमी, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण, प्रबर्द्धन तथा विकास गर्नको लागि गठन भएको गाउँपालिका स्तरीय समितिको संरक्षकको रुपमा काम गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) गाउँ वस्ती स्तर तथा वडा स्तरीय समितिहरु र समन्वयको काम कारवाही, समितिबाट भएका निर्णयहरु कार्यान्वयन भए नभएको हेरी आवश्यक्ता अनुसार समितिलाई निर्देशन दिने ।

(घ) समितिबाट छनौट भएका योजना तथा कार्यक्रमहरु व्यवहारिक तथा समानुपातिक रुपमा वितरण भए नभएको हेरी आवश्यक निर्देशन प्रदान गर्ने ।

(ङ) योजना तथा कार्यक्रमको लागि तयार गरिएको लागत अनुमान र बजेटका सम्बन्धमा समितिलाई आवश्यक परामर्श तथा सुझाव प्रदान गर्ने ।

(च) यस ऐन बमोजिम भए गरेका वा हुने अन्य कार्यहरुको सम्बन्धमा संरक्षकको हैसियतले आवश्यक सुझाव, परामर्श, पृष्ठपोषण, तथा मार्गनिर्देश गर्ने गराउने ।

**१८. गाउँ स्तरीय नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समितिको काम कर्तव्यः** दफा १८ (१) अनुसार गठन भएको गाउँपालिका समन्वय समितिको काम कर्तव्य तपसिल बमोजिमको हुनेछ :

(१) वडा स्तरीय नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समितिले वडा भित्र रहेका मगर/अन्य समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा संरचनाहरुको सुचिकृतको लागि गरेको सिफारिस गाउँपालिकामा दर्ता गर्न सिफारिस गर्ने र दर्ताको अधावधिक गर्न पहल गर्ने ।

(२) मगर र अन्य समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न वडा स्तरमा गठन भएका समितिहरुसंग समन्वय गर्ने र आवश्यक सहयोग र सुझाव प्रदान गर्ने ।

(३) मगर र अन्य समुदायको ऐतिहासिक, धार्मीक, सांस्कृतीक तथा प्राचीन सम्पदा/संरचनाहरु तथा परम्पराहरुको दस्तावेजीकरण गरी पुस्तक प्रकाशन, वृतचित्र निर्माण तथा प्रचार प्रसार गर्ने गराउने ।

(४) नौमूले गाउँपालिका भित्र रहेका मगर र अन्य समुदायको, मठ, पूजा स्थल, पोखरी, ताल, तलैया, खोलानाला, झर्ना, ऐतिहासिक, धार्मीक, सांस्कृतीक तथा प्राचीन सम्पदा/संरचनाहरुको निर्माण, मर्मत, जिर्णोद्धार, घेराबार तथा परम्पराहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने गराउने ।

(५) विभिन्न शिर्षकहरुमा प्राथमिकिकरणको आधारमा उद्देश्य तयार गर्ने गराउने ।

(६) लागत अनुमान तयार भए बमोजिमको कार्यको कार्य योजना बनाई कार्य सम्पन्न गर्ने गराउने ।

(७) लागत अनुमान बमोजिमको कामको परिमाण/गुणस्तर/समय/लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा गाउँ कार्यपालिकालाई अनुरोध गर्ने ।

(८) विनियोजित रकम र खर्चको हिसाब किताबको रेकर्ड राख्ने र भुक्तानीको लागि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(९) मगर र अन्य समुदायको उत्थान एवम प्रवर्द्धनसंग सम्बन्धित कार्यको लागि अन्तर्राष्ट्रिय संघ संस्था, दातृ निकाय, संघ, प्रदेश सरकार तथा अन्य विभिन्न निकायहरुसंग समन्वय, सहकार्य एवम् सहजिकरण गर्ने गराउने ।

(१०) सम्पन्न कार्यको प्रगती विवरण गाउँ कार्यपालिकामा पेश गर्ने ।

१९. **गाउँपालिका स्तरीय नौमूले सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण, प्रबर्द्धन तथा विकास समितिको आर्थिक व्यवस्थापन सम्बन्धि व्यवस्था** तपसिल बमोजिमको हुनेछ :

(१) समितिले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :

(क) गाउँपालिका, प्रदेश र संघबाट विनियोजित बजेट रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको खर्च : समितिको खर्च देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाबाट विनियोजित बजेट प्राथमिकताको आधारमा छनौट भएको क्षेत्र वा विषयमा खर्च गर्नु पर्नेछ ।

(ख) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(३) खाता संचालनः गाउँ समन्वय समितिको खाता संचालन तपसिल बमोजिम हुनेछः

(क) गाउँ समन्वय समितिको खाता गाउँ कार्यपालिकाले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(ख) कार्य समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ र भुक्तानीको लागि अध्यक्ष र सचिवमध्ये एक जना र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनुपर्ने छ ।

(४) भुक्तानी प्रक्रिया :

(क) गाउँ समन्वय समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण कार्य समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित गाउँ, प्रदेश र संघ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) कार्य समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत वा अन्तिम भुक्तानीको रुपमा दिइनेछ ।

(ग) आयोजनाको भुक्तानी दिँदा बैंक खाता मार्फत दिनु पर्नेछ । एक व्यक्ति वा संस्थालाई एक लाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(घ) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै गाउँ कार्यपालिकाबाट तथा अन्य सहयोगी दातृ निकायबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः

(क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मगर र अन्य समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदा/संरचनाहरुको जिर्णोद्वार, संरक्षण, सम्बर्द्धन विकास कार्यमा सहयोग गर्न कुनै गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

## २०. उजुरी तथा कानूनी उपचार

(१) मगर र अन्य समुदायको सामाजिक सद्भाव खलबल्याउने कार्य गरेमा, संस्कृति परम्परा तथा प्रथा विरुद्ध अहित हुने कुनै प्रकारको कार्य गरे गराएमा, ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा/संरचनाहरु नष्ट गर्ने गराएमा, विध्वंस गर्ने गराउने जो कोही विरुद्ध उजूर गर्न सक्ने छ। यस्ता उजूरीमाथि कानूनी उपचार तथा कार्वाही नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

(२) विवादित मुद्दाहरुको विषयमा नौमूले गाउँपालिकाको न्यायीक समितिको अधिकार क्षेत्रभित्र रहेका मुद्दाहरु प्रारम्भिक सुनुवाई नौमुले गाउँपालिकाको न्यायीक समितिमा गरिनेछ।

(३) यस नौमुले गाउँपालिका अन्तर्गत रहेका गाउँ वस्तीहरुमा परम्परादेखि प्रचलनमा रहेको विवादलाई मेलमिलाप गराउने पद्धतिलाई मान्यता दिनेछ।

## २१. बाधा अडकाउ फुकाउन सक्नेः

यो ऐन कार्यान्वयनको क्रममा नेपालको प्रचलित कानूनसंग बाझिन गएमा स्वतः अमान्य हुने छ भने यस बाहेकको अवस्थामा कुनै बाधा अड्चन आएमा मगर र अन्य आदिवासी जनजातिका समुदायको बुद्धिजीवी, भाषाविद, संस्कृतिविद, कानूनविद, इतिहासकार, समाजसेवी, मगर र अन्य जनप्रतिनिधि, शिक्षक, साहित्यकार, अभियन्ताहरुसंग छलफल गरी, उनीहरुले दिएको राय, सुझावलाई संकलन गरी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन यस ऐनमा आवश्यक संशोधन वा थपघट गरी लागु गर्नेछ।

## २२. नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने अधिकार

यस ऐनलाई कार्यान्वयन गर्नका लागि नौमुले गाउँपालिकाले आवश्यक्ता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण गरी लागु गर्नेछ।

## २३. समिति भङ्ग गर्न सक्नेः

सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा यस ऐन बमोजिम गठन भएका मगर र अन्य समुदायको

धार्मिक, सांस्कृतिक भूमि, ऐतिहासिक तथा प्राचीन महत्वका संरचनाहरुको संरक्षण प्रबर्द्धन गर्न बनेको वडा स्तरीय समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले भङ्ग गर्न सक्नेछ भने दफा १८ (१) अनुसार गठन भएको गाउँ समन्वय समितिलाई भने कार्यपालिकाले भङ्ग गर्न सक्ने छ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै ऐन बमोजिम नयाँ समितिहरु गठन गर्नु पर्नेछ ।

२४. **ऐन संशोधन गर्न सक्नेः**

मगर र अन्य समुदायको धार्मिक, पौराणीक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण प्रबर्द्धन गर्न गठित वडास्तरीय संरक्षण, सम्बर्द्धन तथा विकास समितिका सिफारिसको साथै मगर समुदायको बुद्धिजीवी, संस्कृतिविद, कानुनविद, समाजसेवी, मगर र अन्य जनप्रतिनिधि, शिक्षक, साहित्यकार, अभियन्ता, भाषाविद समेतको राय सुझावमा आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाले यो ऐन संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

मगर र अन्य समुदायहरुको ऐतिहासिक एवं पुरातात्विक स्थल, धार्मिक, भाषिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक स्रोत साधनमाथिको हक अधिकार तथा संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न सूचीकृत गर्ने निवेदनको नमूना

मितिः ..................................

श्री वडा अध्यक्ष ज्यू
वडा समितिको कार्यालय
वडा नं.......
नौमूले गाउँपालिका दैलेख ।

विषयः सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नौमुले गाउँपालिका को वडा नं.......स्थित ......... टोलमा रहेको मगर र अन्य समुदायको धार्मिक, ऐतिहासिक एवं पुरातात्विक स्थल, सांस्कृतिक, भाषिक प्राकृतिक स्रोत साधनमाथिको हक अधिकारको तपसिल बमोजिमका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु ।

| क.सं. | संरचनाको नाम | स्थान/टोल | धार्मिक, भाषिक, सांस्कृतिक ऐतिहासिक तथा पुरातात्विक महत्वको स्थल ............... | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

संलग्नः

संरक्षण, प्रबर्द्धन तथा विकास समितिको निर्णय ।

समितिका सदस्यहरुको नाम थर ।

अनुसूची-२

# नौमूले गाउँपालिका दैलेख ।

## ............नं वडा कार्यालय

## **भाषिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक एवं पुरातात्विक महत्वका संरचना सूचीकृत प्रमाण-पत्र**

नौमूले गाउँपालिका वडा नं. ...........स्थित तपसिल बमोजिमका मगर र अन्य समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न यस कार्यालयबाट मिति...........................निर्णय अनुसार.सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नौमूले गाउँपालिका अन्तरगत रहेको मगर र अन्य समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण प्रबर्द्धन र विकास गर्न यस समितिको सक्रीय सहभागिताको अपेक्षा गर्दछु ।

..............................

वडा सचिव

आज्ञाले,

प्रमाणीकरण मिति :२०८३/०५/०१

**भक्त बहादुर मल्ल**

प्रमुख प्रशासकीय अधिकृत